Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited

**Ref No.: HCL-MF/2083-84/084**

मिति : २०८३/०५/२२

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्च लिमिटेड,
सिहंदरबार प्लाजा काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाडौं

**विषय : हिमालयन ८०-२० को इकाईधनीहरुको दर्ता किताब बन्द सम्बन्धमा ।**

महोदय,

श्री हिमालयन क्यापिटल लिमिटेडले योजना व्यवस्थापकको रुपमा हिमालयन म्युचुअल फण्ड अन्तर्गत संचालित बन्दमुखी योजना "हिमालयन ८०-२०" को आर्थिक वर्ष २०८२/८३ को लेखा परिक्षण सम्पन्न भय पश्चात योजनाको ईकाइ धनीहरुलाई कर सहित **१५ प्रतिशत** का दरले हुन आउने रकम रु **१५,००,००,०००.००** । (**अक्षेरुपी पन्ध्र करोड रुपयाँ मात्र**) प्रतिफल बितरण गर्ने निर्णय भएको व्यहोरा तहाँलाई बिढ्तै छ ।

सोही अनुसार सो प्रयोजनार्थ यही मिति **२०८३ आश्विन ६ गते मंगलबार** १ (एक) दिन इकाईधनीहरुको दर्ता किताब बन्द रहने व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछौं ।

साथै, उल्लेखित प्रतिफल वितरणको सम्बन्धमा इकाईधनीहरुको दर्ता किताब बन्द सम्बन्धी सम्बन्धित सबैको जानकारीको लागी मिति **२०८३ भाद्र २४ गते बुधबार आर्थिक अभियान राष्ट्रिय दैनिकमा** प्रकाशित गर्न लागिएको सूचनाको प्रतिलिपि तहाँको जानकारी तथा अभिलेखका लागि यसै पत्रसाथ संलग्न गरी पेश गरिएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

भवदीय,

..........................
राम प्रसाद भट्टराई
कम्पनी सचिव

हिमालयन क्यापिटल लिमिटेड काठमाडौं

हिमालयन म्युचुअल फण्ड काठमाडौं

Himalayan 80-20

**संलग्न :**
१ "हिमालयन ८०-२०" बन्दमुखी योजनाको प्रतिफल वितरण हेतु इकाईधनी दर्ता किताब बन्द हुने बारे प्रकाशितका लागि तयार गरिएको सूचनाको प्रति ।

**बोधार्थ :**
१. श्री कोष प्रवर्द्धक, हिमालयन बैक लिमीटेड, कमलादी काठमाडौं ।
२. श्री कोष सुपरिवेक्षक, हिमालयन ८०-२० ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

**हिमालयन बैंक लिमिटेड कोष प्रवर्द्धक तथा हिमालयन क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको**

**HIMALAYAN MUTUAL FUND हिमालयन म्युचुअल फण्ड**

**अन्तर्गत संचालित**

# हिमालयन ८०-२० (HIMALAYAN 80-20)

**को**

# इकाईधनी दर्ता किताब बन्द हुने बारेमा सूचना

हिमालयन बैंक लिमिटेड कोष प्रवर्द्धक तथा हिमालयन क्यापिटल लिमिटेड योजना व्यवस्थापक रही संचालनमा रहेको हिमालयन ८०-२० (HIMALAYAN 80-20) ले आर्थिक वर्ष २०८२/८३ को लेखापरिक्षणको कार्य सम्पन्न गरी इकाईधनीहरुलाई कर सहित १५ प्रतिशत नगद प्रतिफल वितरण गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सवैमा जानकारी गराउँदछौं । साथै, उल्लेखित प्रतिफल वितरण प्रयोजनार्थ मिति २०८३/०६/०६ गते एक दिन योजनाको ईकाइधनी दर्ता किताव बन्द हुने व्यहोरा समेत सवैको जानकारीको लागि सूचित गरिन्छ ।

तोकिएको दर्ता किताव बन्द हुने मिति भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्च लिमिटेड (नेप्से)को प्रणालीमा कारोबार भई प्रचलित कानून बमोजिम तोकिएको समयावधिभित्र रितपूर्वक नामसारी भई आएका इकाईधनीहरु मात्र नगद प्रतिफलको लागि योग्य हुने हुँदा सम्बन्धित सबै इकाईधनीहरु तथा खरिदकर्ताहरुले सोहि अनुसार इकाई नामसारी गर्न/गराउनु हुन अनुरोध गर्दछौं ।

साथै, प्रतिफल रकम योग्य इकाईधनीहरुको वैंक खातामा रकमान्तर गरि भुक्तानी गरिने हुँदा सम्बन्धित सवैलाई आफ्नो निक्षेप सदस्यकोमा सम्पर्क गरि आफ्नो हितग्राही खातामा वैंक विवरण (Bank Details) अद्यावधिक गराउनु हुन समेत अनुरोध गर्दछौं ।

***पुनश्च :*** *योजनाको इकाई धितोमा राख्नु भएका योग्य इकाईधनी महानुभावहरुले प्रतिफल प्राप्त गर्न अनिवार्य रुपमा सम्बन्धित बैंक/वित्तीय संस्थाको स्वीकृति पत्र पेश गर्नु पर्नेछ । उक्त स्वीकृति पत्र सम्बन्धित बैंक/वित्तीय संस्था मार्फत इमेल ठेगाना rta@himalayancapital.com मा पठाउन सकिनेछ ।*

**कोष प्रवर्द्धक:**

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

पो.ब.नं. २०५९०, कमलादी, काठमाडौं, फोन: ०१-५९७१३४६, ०१-५३२७७४९
इमेल: himal@himalayanbank.com, वेवसाइट: www.himalayanbank.com

**योजना व्यवस्थापक:**

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited

पो.ब.नं. ४५९८, कमलादी, काठमाडौं, फोन: ०१-५९७०६७५
इमेल: info@himalayancapital.com, वेवसाइट: www.himalayancapital.com

मिति २०८३ भाद्र २४ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने

हिमालयन क्यापिटल लिमिटेड काठमाडौं

हिमालयन म्युचुअल फण्ड काठमाडौं

Himalayan 80-20